नागरिक लगानी कोष

कोषको वित्तीय अवस्था (अपरिष्कृत)

२०८० पौष मसान्त सम्मको रु. हजारमा

कोषको स्रोत (Sources of Fund)		
विवरण	२०८०।८१ पौष मसान्त	२०७९।८० पौष मसान्त
शेयर पुँजी	५,३१३,७५०	४,२५१,०००
शेयर प्रिमियम	-	२८३,८७८
खुद कोष मौज्दात	२४०,५११,३३२	२०६,१९९,२०७
क.ब.बृ. अबकास कोष	१५६,८९३,५४२	१३८,४३५,५९१
नागरिक एकांक योजना	१,४९२,७०३	१,०४५,४८१
उपदान कोष योजना	३६,८५५,९३५	३२,४३१,९६१
लगानी कर्ता हिसाब	९,४८३,८०२	८,२३६,१४५
राष्ट्र सेवक कर्मचारीको बीमा कोष	८,९५०,८७९	८,८५२,२३७
नार्क बीमा कोष	१४४,०४५	१२९,८७२
नागरिक पेन्सन योजना	२०४,९४८	१२६,१६५
वीमाकोष दायित्व	२,०६९,९८६	१,६०४,४९७
जगेडा कोष	२४,४१५,४९३	१५,३३७,२६०
केन्द्रीय हिसाव	३,४५८,३१७	२,८५०,१८२
अन्य कोष र योजना	२०,९५७,१७६	१२,४८७,०७७
चालु दायित्व तथा व्यवस्था	७,३०५,३८०	५,७५३,६४६
जम्मा :	२५३,१३०,४६३	२३१,१७०,३१७

रु. हजारमा

कोषको उपयोग (Applications of Fund)		
विवरण	२०८०।८१ पौष मसान्त	२०७९।८० पौष मसान्त
खूद स्थिर सम्पत्ति	२,३३२,८५६	३,१४५,२५०
पुँजीगत निर्माण (Capital WIP)	-	-
लगानी	२३५,०५०,८२१	२०५,६९२,६०१
नेपाल सरकारको ऋणपत्र	५००,०००	-
मुद्दति निक्षेप	१२४,९७८,०९३	१०६,२६१,५९३
समयकालिन कर्जा	२४,८९९,०४६	२२,६९८,०६४
सङ्गठित संस्थाको शेयर/धितोपत्र	३०,९४५,०२३	२८,२६१,३८५
सहायक कम्पनीमा लगानी	२,५५०,०००	२,५५०,०००
सहभागी सापटी तथा आवास कर्जा	५१,१७८,६५९	४५,९२१,५६०
बैक मौज्दात	२,०१४,७७०	१,२४५,९१४
चालू सम्पती	१३,७३२,०१५	२१,०८६,५५२
जम्मा :	२५३,१३०,४६३	२३१,१७०,३१७

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

नागरिक लगानी कोष

केन्द्रीय हिसाब

२०८० श्रावण १ देखि २०८० पौष मसान्त सम्मको

अपरिष्कृत आय/व्यय हिसाब

विवरण	२०८०।८१ पौष मसान्त	२०७९।८० पौष मसान्त
ब्याज आम्दानी	२२९,५५०	२१२,४०८
सेवा शुल्क तथा कमिसन आम्दानी	६८४,८१७	६१०,९२९
विविध आम्दानी	१०,२१९	११,०२२
कुल आम्दानी	९२४,५८६	८३४,३५८
व्यवस्थापन खर्च	१२७,३०६	११३,५३१
खर्च व्यवस्था	६९,२७७	३६,५१०
कुल खर्च	१९६,५८३	१५०,०४१
कर अगाडिको खुद नाफा	७२८,००३	६८४,३१७
आयकर व्यवस्था	१८२,००१	१७१,०७९
खुद नाफा	५४६,००२	५१३,२३८

Particulars

Financial Ratios & Other Information,

Overall	*As of Poush 2080*	*As of Poush 2079*
Return on Investment (ROI)	**9.10%**	**9.42%**
Fund to Investment ratio	**97.73%**	**99.75%**
Weighted average cost of fund	**7.80%**	**8.48%**
Central Account	-	-
Net Worth (Rs. in '000)	**8,772,067**	**8,316,953**
Net Worth (Value per share)	**165.08**	**195.65**
Earning Per Share (in Rs.) - Annualized	**20.55**	**24.15**

१. वित्तीय विवरण

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. व्यवस्थापकीय विश्लेषण

कोषले दीर्घकालीन प्रकृतिको कोष संकलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ । कोषको मुख्य आम्दानीको रुपमा कोषले सञ्चालन गरेका योजनाहरुबाट प्राप्त सेवाशुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ । कोषले बन्दमुखी सामुहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ । कोषको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्वीक असर पर्ने अवस्था रहेको छैन ।

३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) नागरिक लगानी कोषले सञ्चालन गरेको विभिन्न अवकाश कोष मध्ये उपदान कोष अन्तर्गत विभिन्न सङ्गठित संस्थाले जम्मा गरेको उपदान कोष रकमबाट सम्वन्धित संस्थाका कर्मचारीहरू अवकाश हुँदा कोषले उपदान बापतको रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालतमा सङ्गठित संस्थाका सेवा निवृत्त कर्मचारीहरूको उपदान बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई दायर गरिएको रिट निवेदनमा हाल रिट जारी भएको र सो बारे चित्त नबुझाई कर कार्यालय (ठुलाकर दाता कार्यालय) हरिहर भवनले उक्त रिटमा पुनरावलोकनको अनुमतीका लागि सम्मानित सर्वोच्च अदालतमा निवेदन दिइएको र उक्त निवेदन विचाराधिन अवस्थामा रहेको ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनि ठुला करदाता कार्यलयबाट कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरीक राजश्व बिभाग,लाजिम्पाटमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिइएको र सो हाल विचाराधिन अवस्थामा रहेको ।

४. सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ । यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबार सङ्ख्या ।

अधिकतम मूल्य	न्यूनतम मूल्य	अन्तिम मूल्य	कारोबार भएको कूलदिन	कारोबार शेयर सङ्ख्या
२३४६।००	१८६०।००	२२१५।००	४९	६,६६,२१७

५. समस्या तथा चुनौती

कोषले प्रयोगमा ल्याईरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकिकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाब मिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई उच्च बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजी बजार तर्फको कारोबारमा प्रतिष्पर्धा, सरकारको जमानत माग गरिएको लगानी असुलीमा समस्या, कोषमा आवद्ध संस्था र सहभागिहरूलाई सामाजीक सुरक्षा कोषमा जानुपर्ने अवस्था सृजना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट संचालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता वाह्य चुनौतीहरू रहेका छन् । यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो सफ्टवेरलाई नेपाल सरकार महालेखा नियन्त्रक कार्यालयको सफ्टवेयर "सुत्र" सँग एकिकरण गर्ने प्रक्रियामा रहेको, NCHL सबै कार्यक्रमहरूमा लागू गर्ने, कोषका सम्पूर्ण सेवाहरुलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउन छुट्टै शाखा व्यवस्था गरी कार्य गर्ने , सहभागिहरूलाई दिने प्रतिफल दरलाई उच्च बनाउन बढी प्रतिफल प्राप्त हुने सुरक्षित लगानीमा केन्द्रीत हुने रणनीति कोषले लिएको छ ।

६ संस्थागत सुशासन

कोषको शिर्ष निकायको रुपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणिकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रष्टि उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रष्टि उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियान्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ । सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उप समिति गठन गरिएको छ । यस सम्बन्धमा सम्पादित कार्यहरूको अर्ध वार्षिक प्रतिवेदन समिति समक्ष पेस गर्ने गरिएको छ । कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ । लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि पक्रिया र मापदण्डको अधिनमा रही लगानी गर्ने गरिएको छ । सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधिनमा रही गरिएको छ ।

७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।